**बैठक नं. ४८-२०७५ चैत्र १३ गतेको वैठकको निर्णय प्रतिलिपि**

निर्णय नं. १

मिति २०७५ पौष ३ गतेको निर्णय नं. ४ बमोजिम करार सेवामा कर्यरत रहेका कर्मचारीको म्याद थप सम्बन्धमा सोही निर्णयलाई निरन्तरता दिंदै सुन्दरबजार नगरपालिका कार्यालय अन्तर्गत विभिन्न कार्यक्रम र शाखाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०७५ चैत्र १ गतेदेखि २०७६ असार मसान्त सम्मको लागि करार सेवाको म्याद नवीकरण गर्ने निर्णय गरियो।

निर्णय नं. २

सुन्दरबजार नगरपालिका पशु सेवा शाखाको मिति २०७५/१२/१३ गते चलानी न. ३५ का पत्रका सम्बन्धमा आजको बैठकमा छलफल गरियो सो का सम्बन्धमा आ.व. ०७५/०७६ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बाख्रा वितरण कार्यक्रमको लागि बाख्रा खरिद गर्न एउटै फर्मबाट धैरै संख्यामा बाख्रा उपलब्ध नभएकोले कार्यक्रम कार्यान्वयन गर्न असहजता भएको हुँदा किसानको घर घरमा गएर बाख्रा खरिद कार्य गरी कार्यक्रम कार्यान्वयन गर्न पशु सेवा शाखालाई अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ३

सुन्दरबजार नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ५३९ मिति २०७५/१२/१३ को प्राप्त पत्रका सम्बन्धमा उक्त वडाले मिति २०७५ चैत्र ७ देखि ९ गते सम्म उक्त वडा क्षेत्रमा सहयात्री नेपाल टोखा-११ काठमाडौंको प्राविधीक सहयोगमा आयोजना गरेको ३ दिने निःशुल्क दन्त शिवीर संचालनका क्रममा प्राविधिक टोली र सहयोगीहरुको खाना तथा बास एवं संचालन खर्च समेतको विल बमोजिमको रकम उपलब्ध गराईदिन अनुरोध भई आएकोमा उक्त कार्यक्रममा खर्च भएको विल अनुसरको रकम रु ३९३१०।००( रुपैया उन्चालिस हजार तीन सय दश) कन्टिन्जेन्सी खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ४

सुन्दरबजार नगरपालिकाका लागि आर्थिक वर्ष ०७५/०७६ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फका नवीकरणीय उर्जा प्रविधि जडानका सौर्य उर्जा प्रविधि जडान कार्यक्रममा विनियोजित रकम रु ६,४८,०००।००(रुपैया छ लाख अट्चालिस हजार) मध्येबाट वडा नं. ११ को कार्यालयको च.नं. ३०० मिति २०७५/१०/१३ गतेको को पत्रबाट सुन्दरबजार-११ बस्ने श्री वहादुर दुराको घरमा प्रशारण लाईनको बिजुली बत्ती नपुगेको हुँदा सोलार बत्ती जडानका अनुरोध भई आएकोमा सो का लागि रु ३५०००।००(रुपैया पैतिस हजार) उपलब्ध गराउने निर्णय गरियो। उपरोक्त बमोजिमको सौर्य उर्जा प्रविधि जडान कार्यक्रममा विनियोजित बाँकी रकमलाई

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिकाको मिति २०७५ फागुन २२ गतेको निर्णय अनुसार नै यस नगरपालिका अन्तर्गत वायोग्यास जडानका कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. ५

सुन्दरबजार नगरपालिकाको मिति २०७५ फागुन २२ गतेको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत वायोग्यास जडानका लागि ईच्छुक वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त गरी यस नगरपालिका अन्तर्गत कार्यरत कम्पनिहरुले बायोग्यास जडान सम्बन्धी प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गर्नका लागि सूचीदर्ता सम्बन्धी सूचना प्रकाशन गरिएकोमा सो अवधि भित्र सूची दर्ताका लागि पेश हुन आएका देहाय बमोजिम का फर्म/संस्था/कम्पनिलाई यस नगरपालिकाका देहाय बमोजिमका वडाहरुमा वायोग्यास जडानका लागि ईच्छुक भई वडामा निवेदन दिई नगरपालिका समक्ष प्राप्त हुन आएका देहायका घरधुरी संख्यामा सम्बन्धित वडासँग समन्वय, सहकार्य गरी बायोग्यास प्लान्ट जडान गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| सि.नं. | वडा नं | घरधुरी संख्या | बायोग्यास जडान गर्ने कम्पनि | कुल घर धुरी संख्या |
|---|---|---|---|---|
| १ | १ | ४२ | श्री पशुपतिनाथ वायोग्यास तथा उर्जा विकास कम्पनि प्रा.लि. | ५६ |
| २ | २ | १४ | | |
| ३ | ३ | ३० | मर्स्याङ्दी गोबरग्यास तथा उर्जा कम्पनि प्रा.लि. | ५८ |
| ४ | ४ | २८ | | |
| ५ | ६ | २७ | मुक्तिनाथ वायोग्यास तथा उर्जा कम्पनि प्रा.लि. | ५२ |
| ६ | ७ | २५ | | |

निर्णय नं. ६

राष्ट्रिय पुन निर्माण प्राधिकरण सिंहदरबार, काठमाडौंबाट छुट तथा नः जाँच सर्वेक्षण २०७५ को सूचना प्रकाशित भए अनुरुप गुनासो व्यवस्थापन कार्यविधि, २०७४ र छुट तथा पुनः जाँच सर्वेक्षण कार्य संचालन सम्बन्धी कार्यविधी, २०७५ को निर्देशनका विषयमा आजको बैठकमा व्यापक छलफल गरियो। सो बमोजिम सुन्दरबजार नगरपालिका भित्रका सबै वडामा नियमानुसार दर्ता भएका गुनासोलाई व्यवस्थित गर्नका लागि सवै वडाबाट प्रभावकारी भूमिका निर्वाह गर्ने निर्णय गरियो।

निर्णय नं. ७

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिका अन्तर्गत संचालित सामुदायिक आधारभूत विद्यालयहरुको शैक्षिक उपलब्धीको स्तर बृद्दि गरी विद्यार्थीहरुको भर्ना दर बढाउने उद्देश्यले प्राथमिक तहको भर्ना अभियान र शैक्षिक स्थिति सुधार योजना संचालन गर्ने र सो का लागि आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

सुन्दरबजार नगरपालिकाका लागि आर्थिक वर्ष ०७५/०७६ मा स्वीकृत मर्मत संभार कार्यक्रम शीर्षकमा विनियोजित रकम रु ८३ लाख मध्ये नगर कार्यपालिकाको मिति २०७५ भाद्र १६ गतेको निर्णय नं. २ अनुसार प्रत्येक वडाका लागि विनियोजित ५ लाख रकम वडा समितिले निर्णय गरी आवश्यकता अनुसारका योजना तथा कार्यक्रममा विनियोजन गरी खर्च गर्न सक्ने गरी व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

सुन्दरबजार नगरपालिकाका वडा नं ६ स्थित कराङे खोला खानेपानीको मुहान संरक्षणका लागि अघिल्लो आर्थिक बर्षमा स्थानीयहरुले स्थानीय तवरमा संचालन गरेको मर्मत संभार कार्यका लागि लागेको खर्च बापतको रकम रु.३५०००।०० (पैतीस हजार) कन्टिन्जेन्सी शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १०

सुन्दरबजार नगरपालिकाका वडा नं-९ स्थित ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालयको मिति २०७५/१२/१० गतेको पत्रसाथ संलग्न नारीहरुका लागि ३ दिवसीय महिला सशक्तिकरण एवं राजयोग अनुभूति प्रशिक्षण कार्यक्रम १५-१७ चैत्र २०७५ संचालनार्थ पेश भएको प्रस्तावना स्वीकृत गरी सुन्दरबजार नगरपालिका आयुर्वेद शाखाका लागि आ.व. २०७५/०७६ मा स्वीकृत वासस्वेदन, सिरोधारा कार्यक्रमको कुल बजेट रु १७००००(एक लाख सत्तरी हजार) मध्येबाट उक्त कार्यक्रमका लागि रु ७००००(सत्तरी हजार) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

सुन्दरबजार नगरपालिका वडा नं-३ स्थित ओखलेपानी देखि वडा नं. १० स्थित धुसेनी जोड्ने सडक र वडा नं. ५ स्थित बागेडाँडा र खरीभन्ज्याङ जोड्ने गरी सडक निर्माण कार्य गर्ने र सो को लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिकाका विभिन्न वडाहरुमा वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गर्ने उद्देश्यले मेलमिलापकर्ताका लागि ४८ घण्टे तालीम संचालन गर्नका लागि वडा क्षेत्रमा शैक्षिक एवं बौद्धिक व्यक्तित्वहरुमध्ये प्रति वडा तीन जनाको नाम सिफारिस गरी पठाउने र देहाय बमोजिमका सहभागिहरु रहने गरी उक्त तालीम कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

<u>देहायः</u>

१. नगरपालिकाका वडाध्यक्षहरु
२. नगरपालिकाका कार्यपालिका सदस्यहरु
३. प्रति वडा ३ जनाका दरले -३३ जना
४. न्यायिक समितिका सदस्यहरु

निर्णय नं. १३ बजेट विनियोजनको विषय

सुन्दरबजार नगरपालिकाको मिति २०७५ चैत्र ५ गतेको नगर सभाबाट स्वीकृत भई चालुबाट पुँजीगत शिर्षकमा रकमान्तर भई आएको रु ९३ लाख तथा पुँजीगत शिर्षकमा विनियोजन भई कार्यान्वयन नभएका रकम समेत गरी देहाय बमोजिमको जम्मा रकम रु ४,२५,५३,०९५।६३ लाई देहाय बमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>आ.व. २०७५/०७६ मा विविध शीर्षकमा विनियोजित वजेट मध्ये बाँकी हुन सक्ने देहाय बमोजिमको रकमलाई</u>

| सि.नं. | वजेट शीर्षक | विनियोजित रकम | खर्च शीर्षक | खर्च रकम | वाँकी रकम |
|---|---|---|---|---|---|
| १. | नगर पूर्वाधार विकास कार्यक्रम | २ करोड (नगरपालिका भवन निर्माण समेत) | भोटेवडार एकीकृत स्वास्थ्य केन्द्र | ८७१२८९।२५ | |
| | | | सुन्दरबजार अस्पताल | ७०००००।०० | |
| | | | नगरपालिका भवन मर्मत | १८२४४२५।७७ | |
| | | | खानेपानी तथा सिंचाई | ५०००००।०० | |
| | | | भिमसेन टोल विशालबजार मेनबजार पीच सुधार | ५०००००।०० | |
| | | | मौषमी तथा बेमौषमी तरकारी प्रदर्शन तथा तरकारी विउ वा स्रोत केन्द्र | १८७४८०।०० | |
| | | | सुन्दरबजार अस्पताल पोष्टमार्टम भवन निर्माण | ल.ई अनुसार | |
| | | | जम्मा | ४५८३१९५।०२ | १५४१६८०५ |

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २. | समपुरक कोष | २५ लाख | - | - | २५ लाख |
| ३. | लागत सहभागिता विकास कार्यक्रम | १ करोड २८ लाख ८७ हजार १२० | - | - | १ करोड २८ लाख ८७ हजार १२० |
| ४ | मर्मत संभार कार्यक्रम | ८३ लाख | प्रति वडा ५ लाखका दरले | ५५ लाख | |
| | | | वडा नं २ | १५७०७२।८५ | |
| | | | वडा नं ६ | १९३७५६।५२ | |
| | | | जम्मा | ५८५०८२९।३७ | २४४९१७०।६३ |
| ५ | चालु शिर्षकबाट रकमान्तर भई आएको | ९३ लाख | - | - | ९३ लाख |
| | | | | कुल बाँकी | ४२५५३०९५।६३ |

<u>बाँकी रकम बाँडफाँड</u>

| क्र स | योजना/कार्यक्रम | | स्वीकृत/आवश्यक बजेट | स्रोत शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | समपुरक कोष | | ७३७५७१३।३० | चालुबाट रकमान्तर भएको ९३ लाख मध्येबाट ४८७५७१३।३० र साविकमा समपुरक कोषमा विनियोजन भएको २५ लाख | कुल खर्च - ९९५०७१३।३० चालुबाट रकमान्तर भएको ९३ लाख मध्येबाट समपुरक कोषमा खर्च भई बाँकी हुने रकम- १८४९२८६।३० |
| क | झोलुंगे पुल-६% | ४१३२४३।११ | | | |
| ख | सडक बोर्ड नेपाल-३०% | १००००००।०० | | | |
| ग | तार्दीखोला खानेपानी-२५% | ५१४७११।९५ | | | |
| घ | सुन्दरबजार अस्पताल अधुरो भवन निर्माण-४०% | ४४७७५८।२४ | | | |
| ङ | न.पा. भवन जि स स मौज्दात कोष म्याचिङ-४०% | ५००००००।०० | | | |
| २ | साना सिंचाई | | ७५०००।०० | चालुबाट रकमान्तर भएको ९३ लाख मध्येबाट | |
| | दुराडाँडा | ३००००।०० | | | |
| | परेवाडाँडा | ४५०००।०० | | | |
| ३ | धुसेनी- मध्यनेपाल (ढलेको वर देखि किराको खोर) सडक | | १०००००।०० | ऐ | |
| ४ | कोईरालाफाँट खेलमैदान | | ५०००००।०० | ऐ | |
| ५ | पाईप खरिद | | १००००००।०० | ऐ | |
| ६ | एकीकृत स्वास्थ्य केन्द्र भोटेवडा ल्याब/ | | ४०००००।०० | ऐ | |

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | फार्मेसी तथा अन्य पूर्वाधार | | | |
| ७ | भैपरी निर्माण तथा मर्मत संभार | ५०००००।०० | ऐ | |
| ८ | नगर बस खरिद | ७५००००००।०० | नगर पूर्वाधार विकास कार्यक्रमको २ करोड मध्ये बाट | कुल खर्च - १३८५००००।०० नगर पूर्वाधार विकास कार्यक्रम विनियोजित रकम मध्येबाट खर्च भई बाँकी हुने रकम- १५६६८०५।०० |
| ९ | नगर क्षेत्रमा सिसि क्यामेरा जडान | १२०००००।०० | ऐ | |
| १० | रेडियो भोटेवडार उपकरण जडान | ४०००००।०० | ऐ | |
| ११ | सामुदायिक आधारभूत विद्यालय सुधार कार्यक्रम(हरेक वडाका प्रा वि लाई १.५ लाख) | १६५००००।०० | ऐ | |
| १२ | पाउदी खोला मर्स्याङ्दी मरणघाट निर्माण | ८०००००।०० | ऐ | |
| १३ | साना किसान सुनार गाँउ हुँदै सितल चौतारी जाने मोटरबाटो निर्माण | ६०००००।०० | ऐ | |
| १४ | तिलक स्मृति गेट निर्माण | ५०००००।०० | ऐ | |
| १५ | मिलन बाल विकास शौचालय निर्माण | १२०००००।०० | ऐ | |
| १६ | ल्याण्ड फिल साइट पूर्वाधार निर्माण (प्रदेश सहलगानी- ५०%) | ५७००००००।०० | लागत सहभागिता विकास कार्यक्रममा विनियोजित १२८८७१२०।०० मध्ये बाट | कुल खर्च - ८८५००००।०० लागत सहभागिता विकास कार्यक्रममा विनियोजित रकम मध्येबाट खर्च भई बाँकी हुने रकम- ४०३७१२०।०० |
| १७ | पञ्चशील तामाङ सामुदायिक भवन निर्माण | ५०००००।०० | ऐ | |
| १८ | भक्ति नमुना विद्यालय प्रयोगशाला पूर्वाधार | ५०००००।०० | ऐ | |
| १९ | विद्याज्वति मा वि प्रयोगशाला पूर्वाधार | ५०००००।०० | ऐ | |
| २० | सर्वोदय मा वि कम्प्युटर खरिद | ३०००००।०० | ऐ | |
| २१ | कटहरको बोट-टारी चौतारी बाटो ग्रावेल | ३०००००।०० | ऐ | |
| २२ | अन्नपूर्ण परियार सेवा समाजभवन निर्माण | ३०००००।०० | ऐ | |
| २३ | होसे होईतोङ बौद्ध गुम्बा | ३०००००।०० | ऐ | |
| २४ | भिमसेन मन्दिर निर्माण, सु न पा २ | २०००००।०० | ऐ | |
| २५ | चर्चको पर्खाल मर्मत | २५००००।०० | ऐ | |
| २६ | वडा स्तरीय पूर्वाधार योजना (प्रति वडा ९/९ लाखका दरले बढीमा ३ वटा योजना संचालन हुने गरी) | ९९०००००।०० | ऐ | |
| | जम्मा खर्च हुने रकम | ४२५५०७१३ | | |
| | उपलब्ध बजेट | ४२५५३०९५ | | |
| | बचत रकम | २३८२ | | |

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत